प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षण - २०७२

प्रह्लाद कुमार कामत

# प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षण

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह (एम.एड.)
दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको
शोधकार्य (एड. ५९८) को आंशिक आवश्यकता
परिपूर्तिका लागि तयार पारिएको

**शोधपत्र**

प्रह्लाद कुमार कामत
क्याम्पस रोल नं ५/२०६४/०६५
परीक्षा रोल नं. २१८००५५/२०६६
त्रि.वि. दर्ता नं. ६४५१०/८८

जनता बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
इटहरी, सुनसरी
२०७२

शोधपत्र पेस गरेको मिति
वि.सं. : २०७१/१२/२६
ई.सं. **9 April, 2015**

शोधपत्र भाइभा मिति
वि.सं. २०७२/०८/०२
ई.सं. **18 Nov 2015**

# प्रतिबद्धता-पत्र

प्रस्तुत **प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षण** शीर्षकको शोधपत्र मेरो आफ्नै प्रयास र सहभागितामा तयार पारिएको हो । यसमा संलग्न गरिएका तथ्याङ्कहरू यथार्थ र वास्तविक छन् । यो शोधपत्र मार्फत् कोही र कसैमाथि पर्नजाने असरको जिम्मेवारी म स्वयम् हुने प्रतिबद्धता व्यक्त गर्दछु ।

..........................

प्रह्लाद कुमार कामत

शोधार्थी

मिति : २०७१/१२/२६

९ अप्रिल, २०१५

# जनता बहुमुखी क्याम्पस

☎०२५-५८१३००
५८००६४

इटहरी, सुनसरी
स्थापित : २०४५
(त्रिभुवन विश्वविद्यालय र उ.मा.शि.परिषदबाट सम्बन्धन प्राप्त)
विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र सङ्काय


प.सं. :
च.नं.:

मिति : २०७१/१२/२६
९ अप्रिल, २०१५

## सिफारिस पत्र

प्रस्तुत शोधपत्र जनता बहुमुखी क्याम्पस शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत एम.एड. दोस्रो वर्षका छात्र **प्रह्लाद कुमार कामत**ले **प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षण** शीर्षकमा मेरो प्रत्यक्ष मार्गदर्शनमा रही तयार गर्नुभएको हो । यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

____________________

श्री विमल नेपाल
शोध निर्देशक

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, स्नातकोत्तर तह एम.एड. दोस्रो बर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपूर्ति गर्ने हेतुले सुनसरी जिल्लाको भीमनगर स्रोतकेन्द्र भित्रका रामगंज वेलगछिया र अमाही वेल्हा गा.वि.स. का क्रमश: ५ र ४ वटा गरी जम्मा ९ वटा सामुदायिक विद्यालयहरुमा **प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षण** भन्ने विषयमा यो शोधपत्र प्रस्तुत गरेको छु ।

उपर्युक्त विषयमा शोध गर्ने अवसर प्रदान गरेकोमा शैक्षिक योजना तथा व्यवस्थापन विभाग, श्री जनता वहुमुखी क्याम्पस इटहरी, सुनसरी प्रति आभार प्रकट गर्दछु । शोध निर्देशक श्री विमल नेपालज्यू प्रति शोधपत्र लेखनमा आवश्यक निर्देशन प्रदान गरी सहयोग गर्नु भएकोमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । विभागीय प्रमुख श्री टोलनाथ काफ्लेप्रति पनि कृतज्ञ छु । यसैगरी यस शोध कार्यमा नमुना छनोटमा परेका जि.शि.अ.,वि.नि. , स्रोतव्यक्ति, प्र.अ., वि.व्य.स., शिक्षक, विद्यार्थीहरु जसले तथ्यांक संकलनका क्रममा वहुमूल्य सुझाव दिई सहयोग गर्नु भयो उहाँहरु सवै प्रति कृतज्ञता व्यक्त गर्दछु तथा शोधकार्य लेखनमा सहयोग गर्नु हुने जिल्ला शिक्षा कार्यालय सुनसरीका सहायक जिल्ला शिक्षा अधिकारी श्री दुर्गाप्रसाद खतिवडाज्यू एवम् शोधलेखन तथा भाषा सम्पादनमा सहयोग गरिदिनु हुने श्री नवदुर्गा मा.वि. रा.वे. १ का प्र.अ. श्री रोशन कार्की ज्यूप्रति पनि आभार प्रकट गर्दछु ।

अन्त्यमा यो शोधपत्र तयार पार्न कम्प्युटर टाइप गरी सहयोग गर्नु हुने विराटनगर हिमाल फोटोकपीका प्रोपराटर दिनेश मेहतालाई पनि धन्यवाद दिन चाहन्छु ।

प्रह्लाद कुमार कामत

शोधार्थी

२०७१ चैत्र

# *शोधसार*

*__प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षण__ शीर्षकमा यो अध्ययन पूरा गरिएको छ । विद्यालयको शैक्षिक क्रियाकलापको वर्तमान अवस्था पहिचान गर्ने, विद्यालय निरीक्षण ( सुपरिवेक्षण) को अवस्था खोजी गर्ने, प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप गराउन विद्यालय निरीक्षणको भूमिका खोजी गर्ने र वर्तमान विद्यालय निरीक्षण पद्धतिमा समस्याहरूको पहिचान गरी सुधार गर्नुपर्ने उपायहरू सुझाउनु जस्ता विषयवस्तु शोधको उद्देश्य रहेको छ ।*

*यस शोध अध्ययनलाई सैद्धान्तिक आधार प्रदान गर्नका लागि बहु चर्चित शिक्षाविद् द्वय जर्ज इल्टन मायो (१८८० - १९४९) अष्ट्रेलिया र मेरी पार्कर फोलेट (१८६८-१९३३) अमेरिका द्वारा प्रतिपादित मानव सम्बन्ध सिद्धान्तलाई पुनरावलोकन गरियो भने यस शोधसँग सम्बन्धित साहित्यहरू मिन बहादुर बिष्टद्वारा लिखित नेपालमा विद्यालय सुपरिवेक्षणका समस्या, अर्जुन खतिवडाको विद्यालय तहमा वर्तमान सुपरिवेक्षण व्यवस्थाको विश्लेषण अप्रकाशित शोधपत्र, हेमनारायण चापागाईंको विद्यालय निरीक्षण समस्या र समाधान, प्रदिप नेपालको सरकारी विद्यालय अभिभावक आफैँले सुधार्न सक्छन् नामक लेख, मन प्रसाद वाग्लेको शिक्षक विकास किन र कसरी नामक लेख, राजकुमार बरालको असल शिक्षणका दश पूर्वशर्त जस्ता लेख, रचना, साहित्यको अध्ययन गरियो ।*

*यस शोध अध्ययनमा समान सम्भाव्य र उद्देश्यमूलक नमूना छनोट विधिको प्रयोग गरी प्राथमिक र द्वितीय दुवै खाले स्रोतहरुबाट सूचना संकलन गरी वर्णनात्मक र विश्लेषणात्मक ढङ्गले प्रस्तुत गरिएको छ । यस शोध अध्ययनमा सुनसरी जिल्लाको भीमनगर स्रोतकेन्द्रका रामगंज वेलगछिया र अमाही वेल्हा गा.वि.स. का क्रमश ५ र ४ वटा गरी ९ वटा सामुदायिक विद्यालयहरुका ५ जना प्र.अ., ५ जना वि.व्य.स. अध्यक्ष, ८ जना शिक्षक, ५ जना अभिभावक , ५ जना विद्यार्थी, १ जना स्रोतव्यक्ति, १ जना वि.नि. र १ जना जि.शि.अ. गरी जम्मा ३१ जनालाई नमुना जनसङ्ख्याका रूपमा लिई उनीहरुसँग छलफल, अन्तर्क्रिया, अन्तरवार्ता र प्रश्नावली भर्न लगाई शोध गरिएको छ । शोध अध्ययनका क्रममा प्राथमिक तथा द्वितीय दुवै खाले तथ्यांकको प्रयोग गरिएको छ । शोधका लागि शोधकर्ता आफैले वन्द तथा खुला प्रश्नावली निर्माण गरी नमूना छनोटमा परेका विद्यालयहरुको स्थलगत अध्ययन गरी सरोकारवालाहरुबाट तथ्यांक संकलन गरिएको छ । वि.व्य.स., शि.अ.संघ र शिक्षक स्टाफको वैठक पुस्तिकाहरु, स्रोतकेन्द्रका विभिन्न अभिलेख, सूचना, विभिन्न विद्वानहरुका प्रकाशित पुस्तक, लेख, रचना, पत्र पत्रिका आदिलाई द्वितीय तथ्यांकका रुपमा*

अध्ययन गरी आवश्यक तथ्याङ्क संकलन गरिएको छ भने प्राप्त तथ्यांकबाट औषत तथा प्रतिशतको गणना गरी तालिकीकरणद्वारा व्याख्या तथा विश्लेषण गरिएको छ ।

यस शोध अध्ययनले प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षकको अहम् भूमिका रहने तथ्यलाई देखाएको छ । विद्यालय निरीक्षकले शैक्षिक नेता, अगुवा, स्रोत परिचालक र सहजकर्ताको भूमिका निर्वाह गरी शिक्षकहरुको पेशागत दक्षतामा अभिवृद्धि गर्नु पर्दछ । वर्तमान अवस्थामा प्रभावकारी शिक्षण गर्न शिक्षकहरुलाई विद्यालय निरीक्षकले सहजीकरण गर्नु पर्नेमा यस्ता भूमिका न्यून रहेको पाइयो । विद्यालय निरीक्षकबाट विद्यालयको निरीक्षण कम मात्रामा हुने गरेको साथै यस्तो निरीक्षण प्रशासनिक मात्र भएको पाइयो । शिक्षकहरुलाई अध्यापनसंग सम्बन्धित समस्यामा आवश्यक सहजीकरण नगरेको ,नमुनापाठ प्रदर्शन नगरेको, पृष्ठपोषण तथा सुझावहरुको कार्यावियनको अनुगमन नगरेको, शिक्षक, अभिभावक, विद्यार्थी वि.व्य.स., शि.अ. संघसंग अन्तरक्रिया तथा छलफल गरी शैक्षिक उन्नयनका लागि वि.नि.बाट प्रभावकारी कदम नचालेको पाइयो ।

यस सोध अध्ययनबाट पत्ता लागेका समस्याहरुलाई समाधान गर्नका लागि विद्यालय निरीक्षकले नियमित प्राविधिक एवं प्राज्ञिक सुपरीवेक्षण गर्नुपर्ने, शिक्षण सिकाइसंग सम्बन्धित समस्याहरुमा शिक्षकहरुलाई सहजीकरण गर्नु पर्ने र शिक्षहरुको पेशागत दक्षतामा वृद्धि गर्नु पर्ने, विद्यालय निरीक्षकले प्र.अ.र वि.व्य.स. को व्यवस्थापकीय क्षमतामा विकास गर्नु पर्ने र शैक्षिक सरोकारवालाहरुसंग नियमित छलफल तथा अन्तर्क्रिया गरी शैक्षिक उन्नयनका लागि प्रभावकारी कदम चाल्नु पर्ने देखिन्छ । प्रभावकारी शिक्षण सिकाइका लागि वि.नि.ले खेल्नु पर्ने भूमिकाका वारेमा यस शोध पत्रमा नीतिगत, अभ्यासगत र अनुसन्धान तहका सुझावहरु दिइएको छ ।

## विषयसूची


| | पृष्ठ |
|---|---|
| प्रतिबद्धता पत्र | |
| सिफारिस पत्र | |
| स्वीकृति पत्र | |
| कृतज्ञता | |
| शोधसार | |
| शङ्क्षिप्त शब्दको पूरा रूप | |
| **परिच्छेद एक : परिचय** | **१-१२** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ७ |
| १.३ अध्ययनको उद्देश्य | ९ |
| १.४ अनुसन्धानात्मक प्रश्न | ९ |
| १.५ अध्ययनको औचित्य | १० |
| १.६ अध्ययनको परिसीमा | ११ |
| १.७ मुख्य शब्दावलीहरूको परिभाषा | १२ |
| **परिच्छेद दुई** | |
| **सम्बन्धित साहित्यको पुनरावलोकन तथा अवधारणात्मक खाका** | **१३-२५** |
| २.१ सैद्धान्धित साहित्यको पुनरावलोकन | १३ |
| २.२ सम्बन्धित साहित्यको पुनरावलोकन | १५ |
| २.३ पुनरावलोकनको शैक्षिक उपादेयता | २४ |
| २.४ अवधारणात्मक खाका | २५ |
| **परिच्छेद तीन : अध्ययन विधि** | **२६-३०** |
| ३.१ अनुसन्धानात्मक ढाँचा | २६ |
| ३.२ जनसङ्ख्या र  नमुना र नमुना छनोट रणनीति | २६ |
| ३.३ अध्ययनको क्षेत्र | २७ |
| ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू | २७ |
| ३.४.१ नमुना सर्वेक्षण | २७ |
| ३.४.२ प्रश्नावली | २७ |
| ३.४.३ अन्तर्वार्ता | २८ |
| ३.४.४ लक्षित समूह छलफल | २८ |
| ३.४.५ अवलोकन | २८ |

३.४.६ अभिलेख अध्ययन २८

३.५ तथ्याङ्क सङ्कलन विधि २८

३.६ तथ्याङ्क विश्लेषण विधि ३०

**परिच्छेद चार : नतिजाको छलफल ३१-५१**

४.१ विद्यालयहरूको शिक्षण सिकाइ क्रियाकलापको वर्तमान अवस्था ३१

४.१.१ विद्यालयमा सहभागिता र कामको अवस्था ३१

४.१.२ विद्यालयमा विभिन्न वैठक, भेला तथा दिवस विवरण ३२

४.१.३ विद्यालयहरूको शिक्षण विद्यार्थी उपस्थिति विवरण ३४

४.१.४ शैक्षिक व्यवस्थापनको अवस्था ३६

४.१.४.१ विद्यालयहरूको शैक्षिक व्यवस्थापनको अवस्था ३६

४.२ विद्यालय निरीक्षणको अवस्था ३९

४.२.१ विद्यालय निरीक्षणको स्थिति ३९

४.२.२ विद्यालय निरीक्षणको किसिम र अवस्था ४०

४.२.३ निरीक्षणको दृष्टिकोण ४१

४.२.४ निरीक्षण प्रभावकारी नहुनुका कारणहरू ४३

४.३ प्रभावकारी शिक्षण सिकाइमा विद्यालय निरीक्षकको भूमिका ४३

४.३.१ उपचारात्मक सुपरिवेक्षकका रूपमा विद्यालय निरीक्षक ४४

४.३.२ स्रोतव्यक्तिका रूपमा विद्यालय निरीक्षक ४४

४.३.३ विद्यालय निरीक्षकको सरोकारवालाहरूसँग समन्वय गर्ने प्रक्रिया ४५

४.३.४ विद्यालय निरीक्षक र अन्य सरोकारवाला बीच सम्बन्ध ४६

४.४ विद्यालय निरीक्षणका समस्या तथा समाधानका उपायहरू ४८

४.४.१ विद्यालय निरीक्षण पद्धतिका समस्याहरू ४८

४.४.१.१ मानव सम्बन्धमा कमी ४८

४.४.१.२ नियमित अनुगमनमा कमी ४८

४.४.१.३ भौगोलिक विकटता ४९

४.४.१.४ अत्याधिक विद्यालयको सङ्ख्या ४९

४.४.१.५ वि.नि.हरूलाई प्रशासनिक कार्यमा लगाउनु ४९

४.४.१.६ सेवा सुविधामा कमी ४९

४.४.१.७ समस्या समाधानका उपायहरू ४९

४.४.१.७.१ विद्यालय निरीक्षकहरूलाई निरीक्षणको काममा मात्र लगाउने ४९

४.४.१.७.२ विद्यालयको सङ्ख्यामा कम गर्नु पर्ने ५०

४.४.१.७.३ विद्यालय निरीक्षकको सेवा सुविधामा वृद्धि गरिनु पर्ने ५०

४.४.१.७.४ तालिमको व्यवस्था गरिनु पर्ने ५०

४.४.१.७.५ विद्यालय निरीक्षकलाई अधिकार सम्पन्न बनाउनु पर्ने ५०

४.४.१.७.६ विद्यालय निरीक्षकको सुझावलाई कार्यान्वयन गर्ने ५०

४.४.१.७.७ विद्यालय निरीक्षकको कामको मूल्याङ्कन हुनुपर्ने ५१

**परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू ५२-५७**

५.१ निष्कर्ष ५२

५.२ सुझावहरू ५४

५.२.१ नीतिगत तह ५५

५.२.२ अभ्यास तह ५६

५.२.३ अनुसन्धान तह ५७

सन्दर्भसूची

अनुसूचीहरू

## सङ्क्षिप्त शब्दको पूरा रूप

| | | |
|---|---|---|
| रा.बे. | : | रामगंज बेलगछिया |
| अ.बे. | : | अमाही वेल्हा |
| क्रि. | : | क्रियाकलाप |
| पा. | : | पाठ्यपुस्तक |
| जि.शि.अ. | : | जिल्ला शिक्षा अधिकारी |
| वि.नि. | : | विद्यालय निरीक्षक |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |
| रा.शि.प.यो. | : | राष्ट्रिय शिक्षा पदतिको योजना २०२८ सम्झनु पर्दछ । |
| नि.मा.वि. | : | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| क्षे.श.नि. | : | क्षेत्रिय शिक्षा निर्देशनालय |
| प्रा.वि.नि. | : | विद्यालय निरीक्षक |
| नि.मा.वि.नि. | : | निम्न माध्यमिक विद्यालय निरीक्षक |
| मा.वि.नि. | : | माध्यमिक विद्यालय निरीक्षक |
| जि.शि.का. | : | जिल्ला शिक्षा कार्यालय |
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| आर.एस.डि.सी. | : | ग्रामिण समाज उत्थान केन्द्र |
| सि.एम.सी. | : | चन्द्रमुखी क्लव |
| सं | : | सङ्ख्या |
| शै.सा. | : | शैक्षिक सामग्री |
| कं. | : | कम्प्युटर |
| स.सा. | : | सन्दर्भ सामग्री |